लिम्बू भाषा र नेपाली भाषाको पदवर्गको तुलना

यामकुमार येक्तेन
क्यान्भास एकेडेमी, गाईघाट

अध्ययनको सार

प्रस्तुत लेख लिम्बू र नेपाली भाषाका शब्दवर्गको तुलना र लिम्बू भाषामा त्यसको प्रभाव विश्लेषणका उद्देश्यले तयार पारिएको हो । परम्परित नेपाली व्याकरणानुसार कोशीय तथा संरचनागत आधारमा अनुसन्धान गरिएको यस लेखमा उद्देश्यमूलक नमुनाबाट प्राप्त प्राथमिक सामग्रीहरूलाई तुलना गरी वर्णनात्मक विधिद्वारा विश्लेषण गरिएको छ । इलाम जिल्लाको देउमाई, लारुम्बा र माई नगरपालिका क्षेत्रका लिम्बू भाषी वक्ताहरूबाट सामग्री सङ्कलन गरिएको छ । नेपाली व्याकरणमा प्रचलित शब्दवर्गको सैद्धान्तिक आधारमा लिम्बू र नेपाली भाषाका शब्दवर्गलाई तुलना गर्दा लिम्बू भाषाका नाम वर्ग र यसका विभिन्न उपवर्गमा नेपाली भाषाको प्रभाव खासै नपरेको पाइन्छ । सर्वनाममा पनि त्यस्तो स्थिति छैन । सर्वनाम शब्दवर्ग बन्दवर्ग हो । त्यसमा नेपाली भाषामा जति लिम्बू भाषामा सर्वनामको प्रयोग भएको पाइँदैन । खास गरी लिम्बू भाषामा आदरार्थी सर्वनाम शब्दको अभाव देखिएको छ । लिम्बू भाषामा विशेषणका तीन भेद मात्र छन् । यस भाषामा सङ्ख्यावाची विशेषणको अभाव रहेको छ । लिम्बू भाषामा पनि विभिन्न क्रियापद रहेका छन् । यस भाषाको धातुमा 'मा' प्रत्यय लागेर क्रियामूलको निर्माण भएको पाइन्छ । लिम्बू भाषाको क्रियामूलमा 'आब' प्रत्यय लागेर प्रेरणार्थक क्रियापदको निर्माण हुन्छ । यस किसिमका पदवर्गहरू लिम्बू भाषामा पाइन्छन् । लिम्बू र नेपाली भाषाका पदवर्गबिच समानता भन्दा भिन्नता बढी भएको निष्कर्ष निकालिएको छ । नेपाली भाषाका शब्दवर्गको प्रभाव लिम्बूभाषी वक्तामा पर्न गएको पाइएको छ ।

शब्द कुञ्जीका : तुलनात्मक, साम्य र वैषम्य, वर्गीकरण, पदवर्ग, भिन्नता

विषय परिचय

प्रस्तुत लेख लिम्बू र नेपाली भाषाका शब्दवर्गको तुलनामा आधारित छ । यी दुई भाषाको शब्दवर्गको तुलना गर्नुपूर्व प्रस्तुत शीर्षकमा रहेका लिम्बू र नेपाली भाषाका सम्बन्धमा परिचय दिनु आवश्यक ठानिएको छ । लिम्बू नेपालको एक प्रमुख आदिवासी हो र यही जातिले बोल्ने भाषालाई लिम्बू भाषा भन्दछन् (सम्पा. काइँला, २०५९ पृ. ९) । लिम्बूहरू आफूलाई याक्थुङबा वा याक्थुम्बा र लिम्बू भाषालाई याक्थुङ पाःन वा याक्थुङबा पाःन भन्दछन् । २०७८ सालको जनगणनाको तथ्याङ्क

अनुसार लिम्बू जातिको सङ्ख्या ४,१४,७०४ रहेको छ । लिम्बू किरातहरू स्पष्ट रूपमा आफ्नो छुट्टै पहिचान भएको जाति हो । परम्परागत रूपमा सम्पूर्ण किरात क्षेत्रलाई वल्लो किरात, माझ किरात, पल्लो किरातमा विभाजन गरेको पाइन्छ । त्यसअनुसार लिम्बूहरूको मूल थलोचाहिँ पल्लो किरात हो (सङ्ग्रौला, २०७७ पृ. १११) । यस अन्तर्गत नेपालको पहाडी भाग तेह्रथुम, धनकुटा, सङ्खुवासभा, ताप्लेजुङ, पाँचथर, इलाम, मोरङको उत्तरी भाग पर्दछन् । त्यसैगरी भारतको दार्जिलिङ र सिक्किम पनि लिम्बू क्षेत्र पर्दछ । यसरी नियाल्दा अरुणदेखि टिस्टा नदीसम्मको पहाडी भाग नै लिम्बूहरूको मूल थलो मान्न सकिन्छ । बसाइँ सरेर हाल लिम्बूहरू नेपालको मोरङ, झापा, सुनसरी, काठमाडौँ, ललितपुर, भक्तपुर जिल्ला र नेपाल बाहिर म्यानमार, भुटान र भारतका डुबर्स, आसाम, मेघालय आदिमा पनि उल्लेखनीय सङ्ख्यामा बसोबास गर्छन् (आङ्देम्बे, २०६५ पृ. १९) । नेपाली भाषा भने नेपालभित्र र बाहिर समेत साझा सम्पर्कको भाषाका रूपमा प्रयोग हुन्छ । भाषामा विभिन्न वर्गका शब्दहरू प्रयोग हुन्छन् । यिनको वर्गीकरण अर्थ, रूप र कार्यका आधारमा गर्न सकिन्छ । व्याकरणात्मक दृष्टिले कार्यका आधारमा गरिएको वर्गीकरणलाई उपयुक्त मानिन्छ । वर्गअन्तर्गत नाम, सर्वनाम, विशेषण, क्रियापद र अव्यय (नामयोगी, क्रियायोगी, संयोजक, निपात र विस्मयादिबोधक) पर्दछन् । नेपालमा तुलनात्मक रूपमा अल्पसङ्ख्यक वक्ता भएर पनि लिम्बू भाषाको अस्तितत्व कायम रहेको पाइन्छ । लिम्बू भाषाका अन्य पक्षको अध्ययन गरिएको पाइए पनि लिम्बू र नेपाली भाषाका शब्दवर्गको तुलनात्मक अध्ययन गरी लेख प्रकाशन गरिएको पाइएको छैन । सो रिक्तता पूरा गर्न इलाम जिल्लाको दानाबारी, चिसापानी र महमाईमा बोलिने लिम्बू भाषालाई आधार मानी प्रस्तुत लेख तयार पारिएको हो । उक्त ठाउँमा बोलिने लिम्बू र नेपाली भाषाका विभिन्न शब्दवर्गको सङ्कलन गरी तालिकीकरणका माध्यमबाट तुलनात्मक रूपमा प्रस्तुत गरिएको छ । लिम्बू र नेपाली भाषाका पदवर्ग बाहेक अन्य कुनै पनि एकाइगत संरचनाको अध्ययन नगर्नु यस लेखको सीमा रहेको छ ।

समस्या कथन

नेपालमा बोलिने लिम्बू भाषा प्रयोगको हिसाबले घट्दो अवस्थामा रहेको भाषा हो । नयाँ पिँढीका युवायुवतीहरू नेपाली र अन्य भाषाको प्रभावले गर्दा आफ्नो मातृभाषा शुद्धसँग बोल्न र लेख्न सक्दैनन् । अत : प्रस्तुत लेखमा लिम्बू भाषाका विभिन्न क्षेत्रका सबै वर्गका शब्दहरूको सङ्कलन र नेपाली भाषाका पदवर्गसँग तुलना गरी त्यसबाट परेको प्रभावको विश्लेषण प्रयास गरिएको छ । यस कार्यबाट लोपोन्मुख लिम्बू शब्दहरूको संरक्षण हुनेछ । अनुसन्धेय भाषाको

व्याकरण तथा शब्दकोशको निर्माणमा यस प्रकारको अध्ययन आवश्यक रहेको देखिन्छ । त्यसैले पनि यो अनुसन्धानमूलक अध्ययन प्रयोजनीय छ । लिम्बू र नेपाली भाषाका पदवर्गसँग सम्बन्धित निम्न समस्यामा आधारित भई प्रस्तुत लेख तयार गरिएको छ :

(क) लिम्बू र नेपाली भाषाका शब्दवर्गबिच केकस्ता समानता र भिन्नता रहेका छन् ?

(ख) लिम्बू र नेपाली भाषाका शब्दवर्गबिचको समानता र भिन्नताको प्रभाव कस्तो छ ?

अध्ययनको उद्देश्य

प्रस्तुत अनुसन्धानका उद्देश्यहरूलाई निम्नानुसार रहेका छन् :

(क) लिम्बू र नेपाली भाषाका शब्दवर्गबिच समानता र भिन्नताको तुलना गर्नु,

(ख) लिम्बू र नेपाली भाषाका शब्दवर्गको समानता र भिन्नताले लिम्बू भाषामा पारेको प्रभाव अध्ययन गर्नु,

सैद्धान्तिक आधार

भाषाहरूको अध्ययन गर्ने क्रम सयौँ वर्ष पहिलेदेखि हुँदै आइरहेको पाइए पनि नेपाली भाषा र अन्य भाषा तथा भाषिका सम्बन्धी तुलनात्मक तथा व्यतिरेकी अध्ययन त्यति भएको पाइँदैन । तथापि सर राल्फले टर्नरले सन् १९२० देखि नेपाली भाषामा लेख्न थालेका हुन् । उनले सन् १९३१ मा आएर नेपाली भाषाको तुलनात्मक र व्युत्पत्तिमूलक कोश तयार पारेका छन् (बन्धु, २०५३ पृ.२४) । प्रेमबहादुर फियाक (२००४) ले लिम्बू र अङ्ग्रेजी भाषाको सार्वनामिक तुलनात्मक अध्ययन गरेका छन् । बेगेन्द्र सुब्बा (२०५५) ले लिम्बू भाषा र नेपाली भाषाका पदसङ्गति सम्बन्धी अध्ययन कार्य गरेका छन् । खड्गनारायण आङ्देम्बे (२०६५) ले नेपाली भाषा र लिम्बू भाषाको व्याकरणिक कोटिको अनुसन्धान गरेका छन् । उच्च ज्ञान तुलनाबाट गर्न सकिन्छ र तुलनामा नै टिक्दछ । मानव बुद्धिको सुरु नै तुलनाबाट हुन्छ (अधिकारी, २०६६ पृ. १) । गुण, मान, आकार, आदिका दृष्टिले एकभन्दा बढी वस्तुमा पाइने समानता, असमानता र आंशिक समानताको परीक्षण गर्ने काम नै तुलना हो । साहित्य, संस्कृति र राजनीतिको विभिन्न कालखण्डको तुलनात्मक अध्ययन भए पनि नेपालमा ठोस रूपमा तुलनात्मक सिद्धान्तको प्रतिपादन भएको देखिँदैन (अधिकारी, २०६६ पृ. १) । फ्रेइज (१९४५) र ल्याडो (१९५७) ले दुई भाषाको तुलनाद्वारा समान, असमान तथा अर्ध समान संरचनाहरुको पहिचान गर्न सकिने कुरा बताइएका छन् । यस अध्ययनमा ल्याडोको यिनै व्यतिरेकी सिद्धान्तलाई आधार मानिएको छ ।

लिम्बू भाषा भोट-बर्मेली र नेपाली भाषा भारोपेली भाषा परिवारमा पर्छ । यी दुई भाषाका शब्दवर्गको तुलना गर्ने कार्यमा समाज भाषाविज्ञानको नवीनतम् ठोस सिद्धान्त नभएकाले नेपाली

विद्वान्का मूलत : परम्परागत भाषा व्याकरणका ग्रन्थलाई आधार मानिएको छ । सोमनाथ सिग्द्यालले मध्य चन्द्रिकामा विकारी र अविकारी गरी दुई वर्गमा विभाजन गरेका छन् । हेमाङ्गराज अधिकारी (२०७९) र मोहनराज शर्मा (२०५५) ले शब्दवर्ग परम्परागत, कार्यगत, रूपात्मक तथा कोशीय र संरचनागत आधारमा वर्गीकरण गरेका छन् । शब्दले गर्ने कार्य, कोशीय तथा संरचनागत आधारमा नाम, सर्वनाम, विशेषण, क्रिया, क्रियाविशेषण, नामयोगी, संयोजक, विस्मोयादिबोधक र निपात रहेका छन् । यिनै मुख्य भेद र यिनका उपभेदसमेतको सैद्धान्तिक आधारमा लिम्बू र नेपाली भाषाका पदवर्गको तुलना गरिएको छ ।

अध्ययन विधि

अनुसन्धान सम्पन्न गर्न अवलम्बन गरिने नियम तथा तरिकाहरूलाई अनुसन्धान विधि भनिन्छ (दाहाल, २०७७ पृ. ४) । प्रस्तुत आलेखमा गुणात्मक ढाँचाको स्थलगत अध्ययन विधि र पुस्तकालय कार्यमा आधारित रही सङ्कलित तथ्यहरूको तुलना गरी वर्णनात्मक विधिबाट विश्लेषण गरिएको छ । यस लेखमा उद्देश्यमूलक नमुना छनौट विधिबाट इलाम जिल्लाको देउमाई, लारुम्बा र माई नगरपालिका क्षेत्रका लिम्बू भाषा वक्ताहरू मध्ये बालक तीन जना, युवा तीन जना र बृद्ध तीन जना गरी नौ जनलाई नमुनाको रूपमा चयन गरी अन्तर्वार्ता, प्रश्नोत्तर, अन्तरक्रिया, स्थलगत टिपोट र समूह छलफल विधिबाट प्राथमिक सामग्रीको सङ्कलन गरिएको छ । अध्येता लिम्बूमातृभाषी भएकाले स्रोतको सूचक आफैँलाई पनि लिएको छु । सङ्कलित सामग्रीहरूको वैधताका लागि लिम्बू भाषाका विद्वान्हरूसँग परामर्श लिएको छ । सामग्री विश्लेषणका क्रममा अनुसन्धानसँग सम्बन्धित लेख, पुस्तक, पत्रपत्रिका, जर्नल, शोध, गोष्ठी पत्र आदिलाई द्वितीय स्रोतको रूपमा उपयोग गरिएको छ ।

साम्य र वैषम्य आधारमा लिम्बू र नेपाली भाषाका शब्दवर्गको विश्लेषण

कुनै पनि भाषाको अभिव्यक्ति क्षमता त्यसका शब्दभण्डारको सक्षमतामा निर्भर रहन्छ । शब्दभण्डार भाषामा प्रयोग भएका, जनजिब्रोमा भिजेका, रत्तिएका र लेखिएका शब्दहरूकै समष्टि हो । विश्वका हरेक जातिका भाषिक प्रयोगमा त्यस भाषाका शब्दवर्गको महत्वपूर्ण स्थान हुन्छ । कुनै पनि भाषाको सञ्चार सामर्थ्यको मापन गर्ने मूल आधार पनि शब्दस्रोत नै हो । शब्द सम्पन्नताले नै भाषालाई जीवन्त बनाउँछ । लिम्बू भाषाका मौलिक तथा निजी शब्दहरू प्रशस्त छन् तर अन्य भाषाको प्रयोग र प्रभावले लिम्बू भाषाको प्रयोगमा ह्रास आइरहेको स्थिति छ । नयाँ पुस्तामा अन्य भाषाको प्रभावले जकडिएको स्थितिमा लिम्बू भाषाका शब्दवर्गलाई नेपाली भाषाका शब्दवर्गसँग निम्नानुसार तुलना गरिएको छ :

नामवर्गको तुलना

कुनै पनि व्यक्ति वा वस्तु (प्राणी, पदार्थ, ठाउँ, गुण, धर्म) लाई बुझाउने शब्द नाम हो (शर्मा, २०५५ पृ.८) । लिम्बू भाषाका नामलाई नेपाली भाषाका नामसँग गरिएको तुलनालाई शब्दकोशीय आधारमा तालिकीकरण र सामान्य विश्लेषणका आधारमा निम्नानुसार प्रस्तुत गरिएको छ :

व्यक्तिवाचक नाम

कुनै एक विशेष व्यक्ति, वस्तु वा ठाउँ जनाउने शब्द व्यक्तिवाचक नाम हो (अधिकारी, २०७९ पृ.२५) । लिम्बू भाषामा आ०नै किसिमका तर नेपालीमा मिल्दाजुल्दा व्यक्तिवाचक नाम शब्दहरू पाइन्छन् । जस्तैः अम्लेङ्सा (सुवर्ण), ओती (ज्योती), इक्सा (पृथ्वी), ताङ्साङ् (आकाश), सुहाङ् (सम्राट), सिक्कुम (विवेक), माङ्गेना, आइते, सोमबारु, रामायन, लालबाबु, महाभारत, पुरान, गीता इत्यादि ।

जातिवाचक नाम

एउटै प्रकार वा जातका सबैलाई जनाउने शब्द जातिवाचक नाम हो (शार्मा, २०५५ पृ. ९) । लिम्बू भाषाका जातिवाचक नाम यस प्रकार छन् : या॑मी (मानिस्), ना (माछा), सिक्चो॑ (कमिला), तना (गड्यौला), चि॑युमा (छुचुन्द्रो), सबा (बाँदर), मेःङ्वा (चमेरो), स॑वा (मौरी), ने?द्रे (भाउजु) आदि लिम्बू भाषाका जातिवाचक नाम शब्द हुन् ।

समूहवाचक **नाम**

व्यक्ति वा वस्तुको समुदायलाई जनाउने शब्द समूहवाचक नाम हो (अधिकारी, २०७९ पृ. २५) । लिम्बू भाषामा समूह जनाउने फरक फरक प्रत्यय जोडिएर मात्र समूहवाचक नाम बनेको देखिएको छ । जस्तैः या॑मीलुम्म (मानिसको हुल), सिक्चोबा?रे कुदिःक (कमिलाको ताँती), मेन्दाखाइल्ले लुप (बाख्राको बथान), पित्थारे कुधा (गाईको बथान), या?इल्ले थाक (धानको रास), तुराइ (फौजी), यक्युङ्बा (जनता), चुम्लुङ् (सभा) आदि लिम्बू भाषामा समूहवाचक नामशब्द हुन् ।

द्रव्यवाचक नाम

नाप्न वा तौलन मात्र सकिने गणना गर्न नसकिने पदार्थलाई बुझाउने शब्दहरू यसभित्र पर्दछन् (आकिरी, २०७९ पृ. २५) । लिम्बू भाषामा फ़ेन्जे? (फलाम), साम्याङ् (सुन), युप्पा (चाँदी), तोःक्मा/मुदिङ् (मोती), हिल्लि (हिरा), कुनि॑मा (मसला), पि॑नु (दूध), सु॑वा (झोला), स्या॑ (चामल), सा (मासु), खरेङ् (रोटी) आदि द्रव्यवाचक नाम शब्द हन् ।

भाववाचक नाम

व्यक्ति वा वस्तुको गुण, धर्म, दशा वा व्यापारलाई जनाउने शब्दहरूलाई भाववाचक नाम शब्द भनिन्छ (शार्मा, २०५५ पृ. ९) । लिम्बू भाषामा मि⁄युमा (निद्रा), खेमा⁄ (झगडा), चि⁄मा (घृणा), लुङ्मा⁄स्यात (दया), लुङ्मा⁄तु⁄मा (माया), केस⁄बा (कमजोर) जस्ता शब्दहरू भाववाचक शब्द हुन् । माथिको तुलना परम्परागत व्याकरणका आधारमा गरिएको हो ।

भाषावैज्ञानिक वा आधुनिक व्याकरणका सङ्ख्येय, असङ्ख्येय, गणनीय, अगणनीय, मानवीय, मानवेत्तर, सजीव निर्जीव, मूर्त र अमूर्तका आधारमा पनि लिम्बू र नेपाली दुबैमा अध्ययन गर्न सकिन्छ । नेपालीमा नामलाई खुल्ला वर्गमा राखिएको छ तर लिम्बूमा त्यस्तो स्थिति देखिँदैन । लिम्बू भाषामा समूहवाची नाम शब्दको न्यूनता पाइन्छ । लिम्बू भाषामा नेपाली भाषाका नामको प्रयोग अधिक मात्रामा बढ्दै गएको र यी दुई भाषाका नाम शब्दमा आंशिक असमानता रहेको स्थिति अनुसन्धानले देखाउँछ । लिम्बू र नेपाली भाषाका असमान शब्दहरूलाई तलको तालिकामा तुलना गरी देखाइएको छ :

लिम्बू	**नेपाली**	**लिम्बू**	**नेपाली**
आमो	आमा	पाप्पा?	पिता
आम्बे	आँप	प?वा	पोखरी
अऱेन्जि	अलैँची	अधना	ओदान
कप्पे़न्	कलम	कोःत्चो	कुकुर
कुवा	कुवा	खासाप्	खाता
नाम	घाम	चम्याङ्	चन्दा
चे़रेःक्खा	चर्खा	फाङ	पहाड
फे़त्ला	पात	फेन्जे?	फलाम
साम्याङ	सुन	फूङ्	फूल
माःक्कि	मकै	मे़न्छाम्	मनुस्य
माङ्हिम्	मन्दिर	साखि	साछी
हुक्	हात	हिल्लि	हिरा
साप्लाङ्	सिलेट	सुमा	सानीमा
सम्भेत्ला	स्यायला	मुरा	मुख
मारुःक्	मसला	फल्ले़क्	फलेक

नेबो?	नाक	मायु?	भालु
ताभे	तरवार	चुक्फे	चुप्पी
उमे	उँट	आःङ्गुरा	अमला
थाःल्ला	थाल	हुरुक्पा	हुक्का

सर्वनामको तुलना

नाम वा नामपदावलीको पुनरुक्ति रोक्न सट्टामा आउने शब्दलाई सर्वनाम भनिन्छ (अधिकारी, २०७९ पृ. २९) । लिम्बू भाषामा पनि सर्वनाम शब्दहरू पाइन्छन्, जस्तैः गा (म), हेने‚ (तँ, तिमी), आदाङ्बान (तपाई, हजुर), आनीग्या‚ (हामीहरू), खेन/हेन् (त्यो), हेने‚ (ऊ), हेन्धा‚ (तिनीहरू), हुन्छी‚ (उनीहरू) आदि । नेपालीमा सर्वनामका विभिन्न भेदोपभेद भएझैँ लिम्बू भाषाका पनि सर्वनामका निम्नानुसार भेदहरू रहेका छन् :

पुरुषवाचक सर्वनाम

पुरुष वा व्यक्ति जनाउने सर्वनामलाई पुरुषवाचक सर्वनाम भनिन्छ । पसरुषवाचक सर्वनाम पनि निम्न प्रकारका छन् :

(क) प्रथम पुरुषवाचक सर्वनाम

एक वचनन		बहुवचन	
लिम्बू	**नेपाली**	**लिम्बू**	**नेपाली**
गा‚	म	आनीग्या‚	हामी/हामीहरू
आङ्गा‚रेन	मेरो	आनीग्या‚नु	हामीसँग
इङ्गा‚	मैले	आनीग्या‚रे	हामीहरूले

माथिको तुलनाबाट लिम्बू भाषामा गा सर्वनामले म एक वचनको प्रतिनिधित्व गर्दछ । आनीग्या‚ ले हामी र हामीहरूको प्रतिनिधित्व गर्दछ । इङ्गा‚ले मैले को प्रतिनिधित्व तथा आनीग्या ‚रे ले हामीहरूले को प्रतिनिधित्व गर्दछ । खास लिम्बू भाषामा तीन किसिमका वचन छन् । यसमा नेपाली भाषा अनुसार हेरिएको छ ।

(ख) द्वितीय पुरुषवाचक सर्वनाम

श्रोताको सन्दर्भलाई जनाउँने द्वितीय पुरुषवाचक सर्वनाम शब्द लिम्बू भाषामा निम्नानुसार पाइन्छन् :

एक वचनन		**बहुवचन**	
लिम्बू	**नेपाली**	**लिम्बू**	**नेपाली**
हेने॰/आदाङ्बान	तँ, तिमी, तपाइँ	हेनी॰/आदाङ्बासी	तिमीहरू, तपाइँहरू
हेने॰रेन	तेरो	हेनी ॰रेन/आदाङ्बासी ॰रेन	तिमीहरुको, तपाईंहरूको

लिम्बू भाषाको हेने॰/आदाङ्बान र हेनी॰/आदाङ्बासी ले नेपालीको तँ, तिमी, तपाईं र तिमीहरूको, तपाईंहरूको काम गरेको पाइन्छ । आदाङ्बान र आदाङ्बासी लिम्बू भाषाको आदरार्थी शब्द हुन् ।

(ग) तृतीय पुरुषवाचक सर्वनाम

प्रेषक र प्रापकबाहेक अन्य तेस्रो व्यक्तिलाई बुझाउने तृतीय पुरूषवाचक सर्वनाम लिम्बू भाषामा पनि निम्नानुसार प्रयोग भएको पाइन्छ :

एक वचनन		बहुवचन	
लिम्बू	नेपाली	**लिम्बू**	नेपाली
खेन/हेन्	त्यो	खेन्हा॰/हेन्धा॰	तिनीहरू
खुने/हुने॰	ऊ	खेन्हा॰/हुन्छी॰	उनीहरू
कन्, कन्हा॰	यो, यी	कन्हा॰/कन्धा॰	यिनीहरू

लिम्बू भाषामा प्रयोग हुने सर्वनाम खेन, खुने र कन् ले नेपाली भाषाको एक वचनमा प्रयोग हुने त्यो, ऊ र यो को प्रतिनिधित्व गर्दछन् । लिम्बू भाषाको हेन्धा, हुन्छी र कन्धाले क्रमश : नेपाली भाषाको तृतीय पुरुषवाचक सर्वनामको बहुवचनमा प्रयोग हुने तिनीहरू, उनीहरू र यिनीहरूको स्थानमा प्रयोग हुने गरेको भेटिन्छ । लिम्बू भाषामा सर्वनामको सन्दर्भमा लिङ्गभेद छैन ।

दर्शक सर्वनाम

नजिक वा टाढाका व्यक्ति वा वस्तुलाई तोकेर बताउने दर्शक सर्वनाम लिम्बूमा पनि छन्, तिनको नेपालीसँग तुलना निम्नानुसार गरिन्छ :

निकटवर्ती		दूरवर्ती	
लिम्बू	**नेपाली**	**लिम्बू**	**नेपाली**
कन्	यो	खेन् ,हेन्	त्यो
कन्	यो	हेन्धा॰, खेन्हा॰	तिनीहरू
कन्हा॰ /कन्धा॰	यिनीहरू	हुन्छी॰	उनीहरू

सम्बन्धवाचक सर्वनाम

वाक्यमा उपवाक्यहरूको सम्बन्ध स्थापित गराउने सर्वनाम लिम्बू भाषामा पनि छन् :

मानवीय		**मानवेतर**	
लिम्बू	**नेपाली**	**लिम्बू**	**नेपाली**
हात्छाङ्	जोजो	च्या-च्या	जेजे
आतीन्छाङ्	जुन	आतीन्छाङ्	जुनजुन
हात्छाङ्	जोसुकै	च्यासाङ्	जेसुकै
हात्छाङ्	जुनसुकै		

लिम्बू भाषामा आतीन्छाङ् र हात्छाङ् ले नेपाली भाषाको जुन, जुनजुन र जेसुकै, जुनसुकै सम्बन्धवाचक सर्वनामलाई जनाएको छ ।

प्रश्नवाचक सर्वनाम

प्रश्न व्यक्त गर्ने प्रश्नवाचक सर्वनाम शब्दहरू लिम्बू भाषामा पनि निम्नानुसार पाइन्छन् :

लिम्बू	**नेपाली**	**लिम्बू**	**नेपाली**
हाप्पे	को	थे	के
आतीन्	कुन	हा-हाछी	कोको
थे-थे	केके	आतीतीन	कुनकुन
हात्छाङ्/आतिन्धा	कोही	थे	के
आतीन्	कुन	थिथिक	कोहीकोही
थे-थे	केके	आतीतीन्	कुनकुन

लिम्बू भाषामा नेपालीमा प्रयोग भएका प्रश्नवाचक सर्वनाम जस्ता शब्द प्रयाप्त छन् । तलको तालिकाका माध्यमबाट लिम्बू र नेपाली भाषाका सर्वनाम शब्दहरूलाई अझ स्पष्ट पार्ने प्रयत्न गरिएको छ :

लिम्बू	**नेपाली**	**लिम्बू**	**नेपाली**
आबाङ्रे फा॰आङ्	आ०ना लागि	हा॰लेन फाआङ्	कसलाई
आफाल्ले	कहिले	आखेम्याक्	कति
आखेरीक	कसरी	थ्याङ्	किन
आतीन्	कुन	आतीनग	कुनचाहिँ
हेने॰रेन्	तिम्रो	कल्ले	यसले

विशेषणवर्गको तुलना

नाम र सर्वनामको विशेषता बताउने वा कुन, कस्तो, कत्रो कति आदि प्रश्नको जवाफमा आउने शब्दलाई विशेषण भनिन्छ (शर्मा, २०५५ पृ. ११) । तलको तालिकाका माध्यमबाट लिम्बू र नेपाली भाषाका विशेषण शब्दहरूलाई अझ स्पष्ट पार्ने प्रयत्न गरिएको छ :

गुणवाचक विशेषण

लिम्बू	**नेपाली**	**लिम्बू**	**नेपाली**
हारोन्चाम्बा	पहेँलो	केनु॰बा	मिजासिलो
ताङ्बा	होचो	ताङ्बा	छोटो
खाकेन्निबना	अन्धो	केसुप्पा	अमिलो
माक्कबा	कालो	पा॰बान	पातलो
चुक्सा	सानो	यम्बा	ठुलो
फक॰ बा	सेतो	काक्कुक	बाटुलो

सङ्ख्यावाची विशेषण

सङ्ख्यावाची नाम शब्दको विशेषता बुझाउने विशेषण शब्द चाहिँ लिम्बू भाषामा उपलब्ध नभएको अवस्था छ । नेपाली भाषाकै शब्द प्रचलनमा रहेको छ ।

परिमाणवाचक विशेषण शब्द

नाप-तौल बताउने शब्दलाई परिमाणवाचक विशेषण शब्द भनिन्छ । यस किसिमका विशेषण शब्द लिम्बू भाषामा उपलब्ध रहेका छन् :

लिम्बू	**नेपाली**	**लिम्बू**	**नेपाली**
यरीक	धेरै	सुलीक	थोरै
कुदाङ्	आधा	केरेक/काक	सबै
मिसाक/मियाक	अलिकति	कुदीमदीम	भरि

सार्वनामिक विशेषण

विशेष्यको अगाडि आएर त्यसको विशेषता बताई विशेषणको काम गर्ने सर्वनामलाई सार्वनामिक विशेषण भनिन्छ । यस किसिमका शब्दहरू लिम्बू भाषामा पनि पाइन्छन् जस्तै :

लिम्बू	**नेपाली**	**लिम्बू**	**नेपाली**
आतिनयाप्मीन	कुन मानिस	कन खाम्मीन	यो माटो
हात्छाङ्/आतीन्छाङ्	जो केटो	आति योकीन	कुन नोकर

क्रियावर्गको तुलना

कार्यव्यापार, घटना र अवस्थालाई बुझाउने शब्दलाई क्रिया भनिन्छ (शर्मा, २०५५ पृ. १२) । क्रिया कार्यका आधारमा सकर्मक, अकर्मक, द्विकर्मक र पूरकापेक्षी गरी चार किसिमका हुन्छन् । संरचनाका आधारमा सरल, मिलित, प्रेरणार्थक र नाम क्रिया गरी चार किसिमका हुन्छन् त्यसै गरी वाक्यलाई पूरा गर्ने र नगर्ने आधारमा समापिका र असमापिका गरी दुई किसिमका हुन्छन् । यी आधारमा लिम्बू र नेपाली भाषाका शब्दवर्गको तुलना तल प्रस्तुत गरिएको छ :

कर्मका आधारमा

कर्म लिने क्रियालाई सकर्मक कर्म र नलिने क्रियालाई अकर्मक भनिन्छ। दुई वटा कर्म लिने सकर्मक क्रियालाई द्विकर्मक क्रिया र जुन क्रियाको क्रिया स्वयंले अर्थ पूरा गर्न नसकी पूरकको अपेक्षा गर्दछ त्यस्तो क्रियालाई पूरकापेक्षी भनिन्छ। लिम्बू र नेपाली भाषामा शब्दगत र वाक्यगत क्रियाका केही उदाहरणलाई निम्नानुसार प्रस्तुत गरिन्छ :

सकर्मक क्रिया		अकर्मक क्रिया	
लिम्बू	नेपाली	लिम्बू	नेपाली
च	खान्छ	वामा/पोङ्	हुनु
लत्तु	झिक्छ	पेगे	जानु
मिनीरु	पढें	तामा	आउनु
पात्तु	भन्यो	इम्मा	सुत्नु
दुईकर्मक क्रिया		पूरकापेक्षी	क्रिया
लिम्बू	नेपाली	लिम्बू	नेपाली
पि॰मा/पिरे	दिनु	राम यम्बा पोक्खे	राम ठूलो भयो।
पा॰मा	भन्नु	श्याम चाप्पा चोक	श्याम चलाख छ।

वाक्यलाई पूरा गर्ने र नगर्ने आधारमा क्रिया

वाक्य पूरा गर्ने क्रियालाई समापिका र पूरा नगर्नेलाई असमापिका क्रिया भनिन्छ। यस किसिमका क्रियाका उदाहरणलाई निम्नानुसार प्रस्तुत गरिन्छ :

समापिका क्रिया		असमापिका क्रिया	
लिम्बू	नेपाली	लिम्बू	नेपाली
च/चदेसु	खायो।	वार	छँदै
पे	गयो।	पेक्ल	जाँदै
निसु	देख्यो।	ईः	रहँदै
लत्ला॰ब/मेरत्ला॰बा	झिक्ला।	वार	रहँदै

संरचनाका आधारमा क्रिया

यस आधारमा सरल र जटिल गरी क्रिया दुई प्रकारका हुन्छन्। एउटा धातुबाट बनेको क्रियालाई सरल क्रिया र दुई वा दुईभन्दा बढी धातुबाट बनेको क्रियालाई मिलित वा जटिल क्रिया भनिन्छ, जस्तै :

सरल क्रिया, मिलित		जटिल क्रिया	
लिम्बू	**नेपाली**	**लिम्बू**	**नेपाली**
वामा ⁄ युङमा	हुनु	पा॰मार प॰मा	भनिरहनु
वामा ⁄ युङमा	बस्नु	मे॰मा	भनिदिनु
तमा	सिउनु	खेम्मा पि॰मा	मानिदिनु
पे॰मा	जानु	चो॰मा पि॰मा	गरिरहनु
चो॰मा	गर्नु	नेसीङ्युङ्मा	बुझिदिनु

प्रेरणार्थक क्रिया

एक कर्ता (प्रेरक) ले अर्को व्यक्ति (प्रेर्य) लाई कार्य गर्न प्रेरित गर्ने क्रियालाई प्रेरणार्थक क्रिया भनिन्छ अधिकारी, २०७९ पृ. १९६) । यसमा वाक्यमा भएको कर्तालाई कर्म बनाई नयाँ कर्ता थप्ने र धातुमा 'आउ' प्रत्यय लगाइन्छ । लिम्बू भाषामा पनि निम्नानुसारका प्रेरणार्थक क्रियापद रहेका छन् :

धातु प्रत्यय निर्मित शब्द अर्थ (नेपालीमा)

खो + आब = खुआब खुवाउनु

कर् + आब = कराब कराउनु

देख् + आब = देखाब देखाउनु

नेपालीमा धातुमा 'आउ' प्रत्यय लाग्छ भने लिम्बूमा 'आब' प्रत्यय लागेको देखिन्छ । लिम्बू र नेपाली भाषाका क्रियापदका शब्दहरूलाई तलको तालिकामा देखाउन सकिन्छ ।

लिम्ब	**नेपाली**	**लिम्ब**	**नेपाली**
फु॒मा	लखेट्नु	लेङ्सिङ्मा	पल्टनु
थामा	झार्नु	यङ्मा॒से॒मा	तर्साउनु
लेङ्मा	पल्टाउनु	च॒मा	पन्छाउनु
फो॒मा	तर्नु	चो॒मा	गर्नु
मुम्मा	हल्लाउनु	पेमा	बान्ता गर्नु
नामा	थाक्नु	खेम्देत(कानबाट)	सुनिनु (थङ्मा : जिउ सुनिनु)
नाम्मा	सुँघ्नु	इम्मा	निदाउँनु
हे॒लु॒वा थाङमा	बाङुली लाग्नु	खाम्मा	हाइ गर्नु
था॒मा	जन्मनु		

अव्ययको तुलना

लिङ्ग, वचन, पुरुष, काल, पक्ष र भाव आदिका आधारमा रूप परिवर्तन नहुने पदलाई अव्यय भनिन्छ (शर्मा, २०५५ पृ.१३) । यसलाई अविकारी पद पनि भनिन्छ । यसअन्तर्गत क्रियाविशेषण/ क्रियायोगी, नामयोगी, संयोजक विस्मयादिबोधक र निपात उपवर्ग पर्दछन् । यी अव्ययका भेदका पनि उपभेद नेपाली व्याकरणमा रहेका छन् तर उपभेदको तुलना नगरी अव्ययका भेदको मात्र शब्दस्तरमा निम्नानुसार तालिकामा देखाई तुलना गरिन्छ :

क्रियायोगी

(किन, कहाँ, कहिले, कसरी कतिजस्ता प्रश्नहरूको उत्तरको रूपमा आउने)

लिम्बू	नेपाली	लिम्बू	नेपाली
तघी	अगाडि	नुरीकाङ्	राम्ररी
आल्लो	अहिले	खागेन येन	सोही दिन
हे॒य	त्यहाँ	आछिन्दान	पर्सि
अक्केल॒रीक	यसरी	आक्खेल॒रीक	कसरी

नामयोगी

(नाम, सर्वनाम र विशेषणसँ जोडिए आउने शब्द)

लिम्बू	नेपाली	लिम्बू	नेपाली
त्याङ्लपछाङ्ल(एक वचन)	आउँदाआउँदै	पेगाङ्लपछाङ्ल(एक वचन)	जाँदाजाँदै

हे॑न्नु/हे॑मनु	देखि	लेक्खाङ्	तिर
सोरीक	सँग	लेक्खाङ्	पट्टि

संयोजक

वाक्यमा शब्द, पदसमूह र उपवाक्य एकइहरूलाई जोड्ने शब्दलाई संयोजक भनिन्छ । संयोजक सापेक्ष र निरपेक्ष गरी दुई किसिमका हुन्छन् : लिम्बू भाषामा पनि दुबै किसिमका संयोजक रहेका छन् :

सापेक्ष संयोजक		निरपेक्ष संयोजक	
लिम्बू	नेपाली	लिम्बू	नेपाली
हेक्केर	भनी	आङ्/नाङ्	पनि
केर॑बा	भन्ने	हेक्केग	हुनत
थ्याङ्फाल्ले	किनकि	हेक्केसाङ्	तापनि
बि/पि	कि	नु	र
हेक्केनेभग्र	भनेदेखि	केर॑बा	भन्ने
हेक्याङ्	अनि	कर	तर

विस्मयादिबोधक

मनका आकस्मिक भाव, दशा वा वृत्ति बुझाउँने शब्दलाई विस्मयादिबोधक भनिन्छ । लिम्बू भाषामा आ॒नै विस्मयादिबोधक शब्दहरू रहेका पाइँदैनन् । नेपाली भाषाकै निम्नानुसारका शब्दहरू प्रयोग भएका पाइन्छन् :

लिम्बू	**नेपाली**	**लिम्बू**	**नेपाली**
आथब्राजाई !	आत्था !	पिःईः !	अहो !
आम्बिई !	आम्मै !	स्याङ्लो !	ऐया !
यमत्तेम्ना !	ल !	नुरेरो !	स्याबास् !
चि॑लो !	धिक्कार !		

निपात

स्वतन्त्र अर्थ नभएको वाक्यात्मक धारणा द्योतित गर्ने एकाक्षर र द्वयाक्षरी अव्ययलाई निपात भनिन्छ । शुद्ध निपातको पनि लिम्बू भाषामा अभाव रहेकोले नेपाली भाषाकै निम्नानुसारका निपात प्रयोग

भएको पाइन्छ ।

लिम्बू	नेपाली	लिम्बू	नेपाली
ग	त	ना	न
आ	नि	ने	नै
किल्ने/इल्ने	पो	आँ	अँ
बि/पि	कि	थे	के
....	क्या	मु	रे

नेपाली भाषामा प्रयोग हुने क्या लिम्बू भाषामा नभएको पाइयो ।

लिम्बू र नेपाली भाषाका शब्दवर्गको समानता र भिन्नताले लिम्बू भाषामा पारेको प्रभाव

नेपाली भाषामा नाम वर्गलाई पूर्णत: खुल्ला वर्गमा राखिएको छ । यस शब्दवर्गमा जति पनि शब्दहरू प्रवेश गर्न सक्छन् तर लिम्बूमा भाषामा यस्तो स्थिति देखिंदैन । लिम्बू भाषामा समूहवाची नाम शब्दको न्यूनता पाइन्छ । नेपाली भाषाकै समूहवाची नाम शब्दको प्रयोग अत्यधिक बढ्दै गएको पाइए पनि लिम्बू भाषा र नेपाली भाषाको नाम शब्दवर्गमा आंशिक असमानता मात्र भएको पाइन्छ । लिम्बू भाषाका सर्वनाम शब्दमा स्त्रीलिङ्गी शब्द छैनन् । त्यसैगरी आदरार्थी सर्वनाम शब्दको अभाव भएकाले नेपाली भाषाकै शब्द प्रयोग भएको छ । निश्चयवाचक सर्वनाममा जे मात्र प्रयोग भएको छ । नेपालीमा प्रयोग हुने सम्बन्धवाचक र प्रश्नवाचक सर्वनामको मानवीय र मानवेत्तरका सर्वनाम शब्द नेपाली जतिकै प्रयोग भएका पाइन्छन् । लिम्बू भाषाको शुद्ध सङ्ख्यावाची विशेषण शब्दको अभावमा नेपालीकै प्रयोग भएको पाइन्छ । लिम्बू भाषामा विस्मयिबोधक शब्दहरू नेपाली भाषाका जतिकै रहेका पाइन्छन् । लिम्बू भाषामा मौलिक निपातको स्थिति सामान्य रहेको छ । नेपालीमा प्रयोग हुने क्या निपात शब्द लिम्बू भाषामा नरहेको पाइयो । लिम्बू भाषा क्रियापदका दृष्टिले निकै सशक्त देखिएको छ । यस भाषाका अन्य शब्द वर्गमा जसरी नेपाली भाषाको तीव्र प्रभाव देखियो त्यो स्थिति क्रिया वर्गमा देखिँदैन । लिम्बू भाषा पनि नेपाली भाषाको तीव्र प्रभावमा रहेको स्थिति छ । नयाँ पुस्ताले लिइरहेको आधुनिक शिक्षा, बसाइँसराइ, सञ्चार माध्यम मातृभाषाको प्रयोगमा कमी आदि कारणले यो भाषाले मूलत : नेपाली भाषाकै प्रभाव र स्वभाषेत्तर प्रयोगका कारणले आफ्नो मौलिकपन दिनानुदिन गुमाउँदै छ ।

निष्कर्ष

नेपाल विभिन्न जातजातिहरूको बसोबास भएको सार्वभौम स्थल हो । यहाँ प्राचीनकालदेखि नै विभिन्न जातजातिहरूको बसोबास रहँदै आएको छ । ती जातजातिमध्ये पुस्तौँपुस्ता अघिदेखि नेपालको अरुण पूर्वी भूभागमा बसोबास गर्दै आएका लिम्बूहरू अझै विकसोन्मुख अवस्थामा गुज्रिरहेका छन् । यो जाति सामाजिक, शैक्षिक, भाषिक र साहित्यिक चेतले सवल रहेको पाइन्छ । यिनीहरूको मूल थलो कोशी प्रदेश नै हो । २०७८ सालको जनगणनाअनुसार लिम्बू भाषालाई मातृभाषाको रूपमा बोल्नेको सङ्ख्या ३,५०,४३६ रहेका छन् । लिम्बू भाषा भोट-बर्मेली भाषापरिवारबाट विकसित भएको भाषा हो । परम्परित र भाषा वैज्ञानिक दुवै आधारमा लिम्बू भाषाका शब्दवर्गलाई नेपाली भाषाका शब्दवर्गसँग समानान्तर राखेर चिनाउन कठिन छ । लिम्बू भाषाका नाम र यसका विभिन्न उपवर्गमा नेपाली भाषाको प्रभाव खासै परेको छैन । सर्वनाममा पनि त्यस्तो स्थिति छैन । नेपाली भाषामा जति लिम्बू भाषामा सर्वनामको प्रयोग भएको पाइँदैन । खास गरी लिम्बू भाषामा आदरार्थी सर्वनाम शब्दवर्गको अभाव देखिएको छ । 'खेने (हेने,)' शब्दले 'तँ', 'तिमी', 'तपाईं' र 'आदाङ्बान' शब्दले 'हजुर' जस्ता सर्वनामको प्रतिनिधित्व गरेको पाइन्छ । सम्बन्धवाचक सर्वनाम लिम्बू भाषामा पनि मजबुत रहेको छ । लिम्बू भाषामा विशेषणका तीन भेद मात्र छन् । यस भाषामा सङ्ख्यावाची विशेषणको अभाव रहेको छ । नेपाली भाषाकै विशेषणको प्रयोग भएको पाइन्छ । नेपाली भाषाको क्रियापद जस्तै लिम्बू भाषामा पनि विभिन्न क्रियापद रहेका छन् । नेपाली भाषाको धातुमा 'नु' प्रत्यय लागी 'खानु, गर्नु, लेख्नुजस्ता क्रियामूलको निर्माण भएझैँ लिम्बू भाषामा पनि धातुमा 'मा' प्रत्यय लागेर क्रियामूलको निर्माण भएको पाइन्छ । नेपाली भाषामा 'आउ' प्रत्यय लागेर प्रेरणार्थक क्रियाको निर्माण भए झैँ लिम्बू भाषामा 'आब' प्रत्यय लागेर प्रेरणार्थक क्रियापदको निर्माण हुन्छ । अव्ययअन्तर्गत विस्मयादिबोधक तथा निपात शब्दहरु पनि लिम्बू भाषामा प्रसस्तै छन् । लिम्बू भाषा शब्दभण्डारका दृष्टिले निकै सबल छ । नातागोता, शरीरका अङ्ग, लुगा-गरगहना, रोग, कृषि शब्दहरू, बोटबिरुवा, कीटपतङ्ग, घरेलु सामग्री, पशुपंक्षी आदिका नाम प्रशस्त मात्रामा पाइन्छन् । प्रस्तुत लेखमा लिम्बू भाषाका शब्दसङ्कलन गरी शब्दहरूको वर्गीकरण गरिएको छ । शब्दको वर्गीकरणका आधारमा देखापरेका लिम्बू र नेपाली भाषाका शब्दवर्गमा समानता र भिन्नतालाई केलाइएको छ । यसले मातृभाषामा शिक्षण गर्न, शब्दकोश निर्माण गर्न र भाषिक विशिष्टता अङ्कन गर्नका साथै आगामी दिन यस भाषाको शोधकार्य गर्न पनि सहयोग पुग्ने लेखिन्छ ।

सन्दर्भ सामग्री

अधिकारी, इन्द्रविलास (२०६८). *तुलनात्मक साहित्य सङ्क्षिप्त परिचय.* साझा प्रकाशन ।

अधिकारी, हेमाङ्राज (२०४९). *समसामयिक नेपाली व्याकरण.* विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज (२०७९). *समसामयिक नेपाली व्याकारण.* विद्यार्थी पुस्तक भण्डार ।

आङ्देम्ब, खड्गनारायण (२०६५). *लिम्बू र नेपाली भाषाका व्याकरणात्मक कोटिहरुको तुलनात्मक अध्ययन.* शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग महेन्द्ररत्न क्याम्पस, ताहाचल ।

कन्दङ्वा. (२०10). *याक्थुङ इङ्सुङ अठराई,* तेह्रथुम ।

काइँला, वैरागी .(२०५९: ९). सम्पादक, *लिम्बू–नेपाली–अंग्रेजी शब्दकोश.* नेराप्रप्र ।

चेम्जोङ, इमानसिंह (२०१८). *लिम्बू-नेपाली-अङ्ग्रजी शब्दकोश.* नेपाल एकाडेमी

चेम्जोङ, इमानसिंह (१९७०). *किरात व्याकरण.* किरात याक्थुम चुम्लुङ ।

चेम्जोङ, इमानसिंह (२००३). *हिस्टोरी एण्ड कल्चर अफ किरात पिपुल.* ललितपुर : किरात याक्थुम चुम्लुङ ।

तुम्बाहाङ, गोविन्दबहादुर (१९८६). *नाउनफ्रेज स्ट्रक्चर इन् लिम्बू,* स्नातकोत्तर त्रि.वि. शोधपत्र ।

दाहाल, पेसल र अन्य (२०७७). *अनुसन्धान पद्धति.* पैरवी बुक हाउस ।

फ्रेइज, सि.सि.(सन्. १९४५). *टिचिङ् एण्ड लर्निङ् अफ इङ्लिस एज अ फरिङ् ल्येङ्वाइज.* युनिभर्ससिटी अफ मिचिगन प्रेस ।

बन्धु, चूडामणि (२०३०). *भाषाविज्ञान.* नेपाल प्रज्ञाप्रतिष्ठान ।

बन्धु, चूडामणि (२०४७). *नेपाली भाषाको उत्पत्ति* (चौथौ सं). साझा प्रकाशन ।

ल्याडो, आर.(सन् १९५७). *लिङ्गुस्टिक अकस कल्चर्स.* युनिभर्ससिटी अफ मिचिगन प्रेस ।

शर्मा, मोहनराज (२०५५). *शब्द रचना र वर्णविन्यास.* काठमाण्डौ बुक सेन्टर ।

सङ्ग्रौला, नारायणप्रसाद (२०७७). *पल्लो किरातको किपट व्यवस्थ.* डि.बि.ओ.प्रेस ।

राष्ट्रिय जनगणना (२०७८). *राष्ट्रिय तथ्याङ्क कार्यालय,* कमलादी, काठमाण्डौ ।